श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ सरकारले काठमाडौं जिल्लामा देहायका दफाहरूबमोजिमका मुद्दा मामिलाहरूको कारवाई र किनारा तथा अधिकारको प्रयोग गर्न भूमि प्रशासक श्री घनश्याम गोर्खालीको एक सदस्यीय समिति गठन गरेको छ ।

समितिको कार्यावधि काम शुरू गरेको मितिले २०३२ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

उक्त जिल्लाको भूमि प्रशासन कार्यालयमा २०३० साल चैत्र मसान्तअघि दायर रहेका उक्त दफाहरूसम्बन्धी किनारा गर्न बाँकी मुद्दा मामिलाहरू यस समितिको कार्यावधि-सम्मको लागि उक्त अधिकार (मुद्दाहरूमा २०३० साल चैत्र मसान्तसम्म दायर रहेको मात्र) भूमि प्रशासकलाई रहने छैन ।

समितिले प्रयोग गर्ने गरी तोकिएका दफाहरू:-

१. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९ को उपदफा (१) र उपदफा (३),
२. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१ (क),
३. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२ को उपदफा (१) तथा उपदफा (४) र
४. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३८ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।